नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०८१/०८२

चलानी नं.:- ५

मिति: २०८१/०४/०८

## पोषणमैत्री स्थानीय शासनको प्रशिक्षक प्रशिक्षणको लागि अभिरूची फाराम भर्ने सम्बन्धी सूचना

गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित बहुक्षेत्रीय पोषण योजना तेस्रो (आ.व.२०८०/०८१-२०८७/०८८) स्वीकृत भई कार्यान्वयनमा आएको छ। योजनाले पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार गरी समतामूलक पहुँच एवम् उपभोगको सुनिश्चितता, पोषणमैत्री शासनको प्रबर्द्धन र सामाजिक व्यवहार परिवर्तन मार्फत स्वास्थ्य, पोषण र खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी असल व्यवहार प्रबर्द्धन गर्ने उद्देश्य लिएको छ। यसैगरी बहुक्षेत्रीय पोषण योजनाले लिएको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउन बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनमा रहनुका साथै पोषणको विषयलाई अभियानको रूपमा लैजान पोषणमैत्री स्थानीय शासनको अवधारणा समेत अगाडि बढाईएको छ।

प्रादेशिक तथा स्थानीय स्तरमा हुने पोषणमैत्री अभियानसँग सम्बन्धित क्रियाकलापमा आवश्यकतानुसार सहजीकरणको लागि दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले पोषणमैत्री स्थानीय शासन सम्बन्धी **मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम** हुन गईरहेको छ । उक्त कार्यक्रमको लागि सहभागि छनौट गर्ने कार्य भईरहेकोले अभिरूची फाराम (**https://bit.ly/NFLGMTOT** बाट वा QR Scan गरी) मिति २०८१/०४/१६ गते भित्र भर्नुहुन अनुरोध छ । अभिरूची फाराम भर्नेमध्ये योग्यता तथा अनुभवको आधारमा तालिममा छनौट भएका व्यक्तिहरूलाई मुख्य प्रशिक्षक प्रशिक्षणमा सहभागि गराईने व्यहोरा अनुरोध छ ।

### आवेदनको लागि आवश्यक योग्यता तथा अनुभव:

- स्नातकोत्तर तह उत्तीर्ण भएको,
- सामाजिक विकास, सहभागितामूलक योजना तर्जुमा प्रक्रिया, सामाजिक परिचालन, बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा अपाङ्गताको क्षेत्रमा अधिकृत स्तरमा काम गरेको अनुभव भएको,
- सूचना प्रविधिको सामान्य ज्ञान भएको,
- सिक्ने -सिकाउने अभिरूची भएको,
- तालिम सहजीकरण सीप भएको ।

दीपेश कट्टेल

शाखा अधिकृत

नोट: यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा सम्पर्क:

दीपेश कट्टेल, शाखा अधिकृत ९८५११४१९७९

बोधार्थः श्री सूचना प्रविधि शाखा- फारमको लिङ्क र पत्र मन्त्रालयको वेबसाइटमा अपलोड गर्ने व्यवस्था हुन ।